# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :- ८०८१।०८२
चलानी नम्बर :-

मितिः २०८२/०१/१०

सूचना । सूचना ॥ सूचना ॥।

कृषि यान्त्रीकरण कार्यक्रम तर्फ पम्पसेट वितरण कार्यक्रममा निबेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१०**

प्रस्तुत बिषयमा यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुको लागि आ.ब.२०८१/०८२ मा प्रदेश सरकारबाट सशर्त वित्तीय हस्तान्तरित कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत पम्पसेट वितरण कार्यक्रम संचालन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुमा गठित कृषि विकास समितिको मिति २०८२/०१/०४ गते बसेको बैठकको निर्णय अनुसार यस यशोधरा गाँउपालिकाको कार्यक्षेत्र भित्रका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुले उक्त कार्यक्रममा निवेदन पेश गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशील अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाउँपालिका कृषि विकास शाखा बैदौली कपिलवस्तुमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट दर्ता गरिने तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निबेदनहरु छनौट प्रकृयाका लागि समाबेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील

| क्र.सं. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १. | कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत पम्पसेट वितरण कार्यक्रम | कृषकको ५० प्रतिशत र गा.पा.को ५० प्रतिशत लागत साझेदारीमा |

**पेश गर्नु पर्ने कागजातहरु**

१ .कार्यक्रम मार्ग सम्बन्धी निवेदन ।

२. कृषक समुह/ कृषि सहकारी/ कृषि फार्मको हकमा संस्था नबीकरण सहित दर्ता प्रमाण,आ.ब.२०८०/०८१ को कर चुक्ता समेतको प्रतिलिपी ।

३. कृषक समुह/ कृषि सहकारीको हकमा कार्यक्रममा सहभागी हुने १ (एक) जना कृषकको नाम सहितको निर्णयको प्रतिलिपी ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

६. कृषक समुह/कृषि सहकारीको हकमा यस कार्यक्रममा समाबेश हुनाको लागि कम्तीमा ३ बिघा र कृषक/कृषि फार्मको हकमा कम्तीमा १ बिघा जग्गाको प्रमाण पत्रको प्रतिलिपी ।

७. सम्बन्धित निबेदकको नागरिकताको प्रतिलिपी ।

**नोट : बिस्तृत जानकारीको लागि यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट जानकारी लिन सकिने छ ।**

२०८२/१/१०

ऋषभ देव खनाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा :- वेबसाइटमा अपलोड गरिदिनु हुन्